# टोल विकास संस्था संचालन कार्यविधि, २०७७

**प्रस्तावना :** टोलवासीहरुको सामूहिक प्रयासमा टोलको संस्थागत, सामाजिक एवं साँस्कृतिक विकास, वातावरण तथा स्थानीय पूर्वाधारहरुको संरक्षण, स्थानीय योजनाहरुको रेखदेख, सुशासन प्रवर्द्धन गर्न र नगरपालिका तथा वडा समितिलाई सहयोग पुऱ्याउन नगरपालिकाका वडाहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र बसोवास गरेका परिवार सदस्य रहने गरी टोल विकास संस्थाहरुको दर्ता, सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी हरिवन नगर कार्यपालिकाको मिति २०७७ ०६/१४ गते बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले हरिवन नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले हरिवन नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "टोल" भन्नाले नगरपालिका वा वडा कार्यालयले तोकेको निश्चित चार किल्लाभित्रको भौगोलिक क्षेत्रलाई सम्झनु पर्छ।

(ङ) "टोल विकास संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ।

(च) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ३४ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनु पर्छ।

(छ) "नगरपालिका" भन्नाले हरिवन नगरपालिका सम्झनु पर्छ।

(ज) "पदाधिकारी" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु समेतलाई जनाउँछ।

(झ) "भेला" भन्नाले टोल विकास संस्थाको भेला सम्झनु पर्छ।

(ञ) "वडा कार्यालय" भन्नाले हरिवन नगरपालिकाको वडा कार्यालय सम्झनु पर्छ ।

(ट) "विधान" भन्नाले सम्बन्धित टोल विकास संस्थाको दफा ११ बमोजिम बनाएको विधान सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले टोल विकास संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा २२ बमोजिमको कार्यसमिति सम्झनु पर्छ।

(ढ) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको टोल विकास संस्था सम्झनु पर्छ।

## परिच्छेद – २

## टोल विकास संस्थाको गठन र दर्ता

**३. संस्थाको गठन :** (१) वडा कार्यालयको रोहवरमा टोलभित्रका कम्तिमा दश जना परिवारका सदस्यहरु बैठक बसी टोल विकास संस्था गठन गर्न सक्नेछन्।

(२) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ।

(३) यस दफा बमोजिम संस्था गठन गर्दा एउटा टोलभित्र एकभन्दा बढी संस्था गठन गर्न पाइने छैन।

**४. दर्ता नगरी टोल विकास संस्था सञ्चालन गर्न नहुने :** कसैले पनि यस कार्यविधि बमोजिम दर्ता नगरी टोल विकास संस्था स्थापना र सञ्चालन गर्न हुँदैन।

**५. दर्ताको लागि दरखास्त दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम गठन भएका टोल विकास संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ :-

(क) टोल विकास संस्थाको प्रस्तावित विधान,

(ख) दफा (३) को उपदफा (१) को बैठकको निर्णय पुस्तिकाको छायाँप्रति,

(ग) वडा कार्यालयको सिफारिश पत्र,

(घ) सदस्यहरुको नागरिकताको छायाँप्रति,

(ङ) सदस्यहरुको पासपोर्ट आकारको तस्वीर १/१ थान।

**६. दर्ता गर्नु पर्ने :** (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानवीन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले दश दिनभित्र त्यस्तो टोल विकास संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विधान यो कार्यविधि बमोजिम रहेको,



(ख) प्रस्तावित टोल विकास संस्थाको सदस्य वा सदस्यको परिवार अन्य संस्थाको सदस्य नभएको,

(२) उपदफा (१) बमोजिम छानवीन गर्दा प्रस्तावित सहकारी संस्थाको विधानको कुनै कुरामा संशोधन गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नु पर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पाँच दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ हुँदाका वखत दर्ता भई सञ्चालनमा रहेको हरिवन नगरपालिकाभित्र रहेका टोल विकास संस्था यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ।

(४) यस दफा बमोजिम टोल विकास संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो टोल विकास संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित टोल विकास संस्थाको कर्तव्य हुनेछ।

**७. टोल विकास संस्था संगठित संस्था हुने :** (१) टोल विकास संस्था अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) संस्थाको काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) संस्थाले यस कार्यविधिको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

**८. संस्थाको कार्यक्षेत्र :** संस्थाको कार्यक्षेत्र टोलसम्म।

## परिच्छेद – ३

## संस्थाको उद्देश्य तथा कार्य

**९. संस्थाको उद्देश्य :** टोलको संस्थागत, सामाजिक एवं साँस्कृतिक विकास, वातावरण तथा स्थानीय पूर्वाधारहरुको संरक्षण, स्थानीय योजनाहरुको रेखदेख, सुशासन प्रवर्द्धन गर्न र नगरपालिका तथा वडा समितिको दिगो विकास लक्ष्य हासिल गर्न एवं योजना कार्यान्वयनमा सहयोग पुऱ्याउनु संस्थाको मुख्य उद्देश्य हुनेछ।

**१०. संस्थाको कार्य :** संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछ।

(क) टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट कार्यमा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउने,

(ख) बालविवाह, बहुविवाह, दाइजो प्रथा, महिला हिंसा, मानव बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ग) बाल अधिकार, महिला अधिकार, जेष्ठ नागरिकको अधिकारको सम्मान गर्ने,

(घ) नियमित रुपमा टोलको सरसफाई गर्ने,

(ङ) नगरपालिका, वडा कार्यालयका नियमहरुको पालना गर्ने,

(च) वृक्षारोपण गरी टोललाई हरियाली बनाउने,

(छ) स्थानीय योजनाहरुको रेखदेख गर्ने,

(ज) नगरपालिका, वडा कार्यालय र दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(झ) विधानमा उल्लिखित कार्यहरु गर्ने।

## परिच्छेद – ४

## विधान तथा आन्तरिक कार्यविधि

**११. विधान बनाउनु पर्ने :** संस्थाले यस कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनको लागि विधान बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विधान दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ।

**१२. आन्तरिक कार्यविधि बनाउन सक्ने :** (१) संस्थाले यो कार्यविधि र विधानको अधिनमा रही आवश्यकता अनुसार आफ्नो कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको भेलाले स्वीकृत गरेपछि लागू हुनेछ।

**१३. विधान र आन्तरिक कार्यविधिको संशोधन :** (१) संस्थाको भेलाको कुल सदस्य संख्याको बहुमतबाट विधान र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विधान वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ।



## परिच्छेद – ५

## सदस्यता

**१४. सदस्यता :** (१) अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन् :-

(क) टोलको स्थायी बासिन्दा हुनुपर्ने,

(ख) संस्थाको विधानमा उल्लिखित शर्तहरु पालना गर्न मञ्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

**१५. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले दश दिनभित्र समितिले यो कार्यविधि तथा विधानको अधिनमा रही सदस्यता प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले सदस्यता प्रदान नगरेमा सम्बन्धित व्यक्तिले तीन दिनभित्र त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त उजुरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

**१६. सदस्यता हुन नपाउने :** कुनै परिवार एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन।

**१७. सदस्यताको समाप्ति :** कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) सदस्य टोलको स्थायी वासिन्दा नभएमा,

(ग) यो कार्यविधि वा विधान बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लंघन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा १४ बमोजिमको योग्यता नभएमा।

## परिच्छेद - ६

## भेला तथा समिति

**१८. भेला :** (१) टोल विकास संस्थाको सर्वोच्च अङ्गको रुपमा भेला हुनेछ।

(२) संस्थाका सबै सदस्यहरु भेलाका सदस्य हुनेछन्।

(३) संस्थाको भेला देहाय बमोजिम हुनेछ :-

(क) मासिक भेला

(ख) वार्षिक भेला

(ग) विशेष भेला

१९. **मासिक भेलाको काम, कर्तव्य र अधिकार :** मासिक भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महिना दिनसम्मको काम कारवाही र कोषको जानकारी लिने,

(ख) आगामी महिनाको कार्ययोजना स्वीकृत गर्ने,

(ग) आन्तरिक कार्यविधि पारित गर्ने,

(घ) विधानमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

२०. **वार्षिक भेलाको काम, कर्तव्य र अधिकार :** वार्षिक भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वर्ष दिनसम्मको काम कारवाही र कोषको जानकारी लिने,

(ख) आगामी वर्षको योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) आन्तरीक कार्यविधि पारित गर्ने,

(घ) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ङ) समितिको निर्वाचन तथा विघटन गर्ने,

(च) समितिको पदाधिकारीलाई पदबाट हटाउने,

(छ) विधान संशोधन गर्ने,

(ज) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(झ) समितिलाई आवश्यक निर्देशन दिने,

(ञ) विधानमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

२१. **भेलाको बैठक :** (१) समितिले प्रत्येक महिना संस्थाको मासिक भेला बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वार्षिक भेला बोलाउनु पर्नेछ।

२२. **समिति :** (१) टोल विकास संस्थामा भेलाबाट निर्वाचित एक समिति रहनेछ। समितिमा पाँच जना पदाधिकारीहरु रहनेछ।

तर एउटै परिवारका सदस्य लगातार एउटै पदमा एक पटकभन्दा बढी पदाधिकारी हुन पाउने छैन।



(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तिमा तेतीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म समावेशी हुनु पर्नेछ।

(४) समितिको कार्यावधि एक वर्षको हुनेछ।

२३. **समितिको निर्वाचन :** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अगावै अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले एक महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

२४. **समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) टोलको उद्देश्य अनुरुप संस्थाको सञ्चालन गर्ने,

(ख) मासिक भेला तथा वार्षिक भेला बोलाउने,

(ग) भेलाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(घ) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी भेला समक्ष पेश गर्ने,

(ङ) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(च) संस्थाको विधान तथा आन्तरिक कार्यविधि तयार गरी भेला समक्ष पेश गर्ने,

२५. **पदाधिकारी नरहने :** देहायको कुनै अवस्थामा पदाधिकारी आफ्नो पदमा बहाल रहन सक्ने छैन :-

(क) निजले दिएको राजिनामा भेलाबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा २६ को उपदफा (१) बमोजिम पदाधिकारीबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को टोल विकास संस्थाको पदाधिकारी रहेमा,

(घ) निजको मृत्यु भएमा।

२६. **पदाधिकारीबाट हटाउन सक्ने :** (१) भेलाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा पदाधिकारीलाई समितिको पदाधिकारी पदबाट हटाउन सक्नेछ :-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ग) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(घ) कुनै पदाधिकारीमा यो कार्यविधि वा विधानमा उल्लिखित योग्यता नरहेमा।

(२) कुनै पनि पदाधिकारीलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो पदाधिकारीलाई भेला समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै पदाधिकारीले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा भेलाले त्यस्तो पदाधिकारीलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदाधिकारीको पदबाट हटाइएको सदस्य समितिको तीन कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै पदाधिकारी पदबाट हटेमा त्यस्तो पदमा भेलाले बाँकी अवधिको लागि अर्को पदाधिकारीको निर्वाचन गर्नेछ।

२७. **निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने :** (१) पदाधिकारीले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन।

(२) पदाधिकारीले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

२८. **समितिको विघटन :** (१) भेलाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ :-

(क) विधानमा उल्लिखित उद्देश्य र कार्य विपरितको कार्य गरेमा,

(ख) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको छवी खराब भएमा,

(ग) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(घ) यो कार्यविधिमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारी वा वडा कार्यालयले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा भेलाले नयाँ समितिको निर्वाचन गर्नेछ।

२९. **समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) **अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(१) समितिको बैठक बोलाउने, बैठकको अध्यक्षता गर्ने,

(२) भेला तथा समितिको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने,

(३) भेला तथा समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,



(४) भेला तथा समितिलाई संस्थाले गरेका क्रियाकलापहरुको जानकारी गराउने,

(५) भेला वा समितिले तोकेको अन्य कार्यहरु गर्ने।

(ख) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(१) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(२) भेला, समिति तथा अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य काम गर्ने।

(ग) **सचिवको काम, कर्तव्य र अधिकार :** सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने,

(२) निर्णय पुस्तिकामा बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने,

(३) भेला तथा समितिको बैठकको निर्णय तथा काम कारवाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्ने,

(४) तोकिएका अन्य कार्य गर्ने।

(घ) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने,

(२) खर्चको लेखा परीक्षण गराउने,

(३) बैंकमा खाता सञ्चालन गर्दा अध्यक्ष र कोषाध्यक्षको संयुक्त रुपमा खाता सञ्चालन गर्ने,

(४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(ङ) **सदस्यको काम, कर्तव्य र अधिकार :** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(१) भेला तथा समितिको बैठकमा नियमित रुपमा भाग लिने,

(२) नगरपालिका तथा वडा कार्यालयसँग भएको साझेदारीपत्रमा उल्लिखित शर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने,

(३) अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई काममा सहयोग पुऱ्याउने,

(४) तोकिएका अन्य कार्यहरु गर्ने।

## परिच्छेद - ७

## आर्थिक व्यवस्थापन

३०. **संस्थाको कोष :** संस्थाको कोषमा देहाय बमोजिमको रकम रहने छ :-

(१) सदस्यता प्रवेश शुल्क,

(२) मासिक शुल्क,

(३) नेपाल सरकार, प्रदेश सरकार, हरिवन नगरपालिका वा वडा कार्यालयबाट प्राप्त अनुदान,

(४) स्वदेशी संघ संस्थाहरुबाट प्राप्त आर्थिक सहयोग।

३१. **संस्थाको खर्च :** संस्थाको कोषबाट देहाय बमोजिम खर्च गरिने छ :-

(१) संस्थाको दैनिक कार्य सञ्चालन गर्न,

(२) टोलमा निर्मित स्थानीय पूर्वाधारको मर्मत सम्भार,

(३) भेला तथा समितिले निर्णय गरेका क्रियाकलापहरु।

३२. **लेखा :** संस्थाको लेखा दोहोरो लेखा प्रणालीमा आधारित भई राख्नु पर्छ।

३३. **लेखा परीक्षण :** (१) संस्थाको लेखापरीक्षण भेलाले नियुक्त गरेको लेखापरीक्षकबाट गराउनु पर्दछ।

(२) संस्थाले लेखा परीक्षण प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्छ।

## परिच्छेद - ८

## दर्ता गर्ने अधिकारी

३४. **दर्ता गर्ने अधिकारी :** (१) यस कार्यविधि अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नु पर्ने कार्यहरु हरिवन नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस कार्यविधि बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३५. **काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र लेखिए बमोजिम दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार हुनेछ।

## परिच्छेद - ९

## विविध

३६. यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसँग बाझिएमा बाझिएका बुँदाहरु स्वत: खारेज हुनेछन्।

३७. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाको निर्णय अनुसार फुकाइनेछ।



## अनुसूची - १

### टोल विकास संस्थालाई नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्ने निवेदनको नमुना

मिति : ....................

श्रीमान् दर्ता गर्ने अधिकारी ज्यू,
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही

विषय : **टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा हरिवन नगरपालिकाको वडा नं......... को ............. टोलमा गठन गरिएको ................ टोल विकास संस्थालाई .............. नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरी दिनुहुन अनुरोध गर्दछु। यस ............... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ताभित्र सीमित रहनेछ।

पूर्व सिमाना : ..............................

पश्चिम सिमाना : ..............................

उत्तर सिमाना : ..............................

दक्षिण सिमाना : ..............................

निवेदक

..............................
अध्यक्षको नाम :
टोल विकास संस्थाको नाम :
ठेगाना :
फोन नं. :

अनुसूची - २

हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सर्लाही

## प्रमाण-पत्र

हरिवन नगरपालिका, वडा नं. .........., ........................ टोलमा गठन भएको टोल विकास संस्थालाई यस कार्यालयमा मिति ................................ मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस नगरपालिकाको टोलको संस्थागत, सामाजिक एवं सांस्कृतिक विकास, वातावरण तथा स्थानीय पूर्वाधारहरुको संरक्षण, स्थानीय योजनाहरुको रेखदेख, सुशासन प्रवर्द्धन गर्न र नगरपालिका तथा वडा समितिलाई सहयोग पुऱ्याउन यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाको साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

..................................

दर्ता गर्ने अधिकारी



अनुसूची - ३

....................टोल विकास संस्थाको विधान

प्रस्तावना : स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ................... टोल विकास संस्था स्थापना गरी संचालन गर्न वाञ्छनिय भएकोले यो विधान बनाइएको छ।

१. **प्रारम्भिक :**

**संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो विधान .....................टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम ........................हुनेछ।

(ग) यो विधान................टोल विकास संस्थाको भेलाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(घ) यस संस्थाको कार्यालय......................मा हुनेछ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व.....................पश्चिम.......................

उत्तर.......................दक्षिण.......................

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. 'संस्था' भन्नाले ....................... टोल विकास संस्थालाई सम्झनुपर्छ।

२. 'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ।

३. 'भेला' भन्नाले संस्थाको साधारण सदस्यहरुको जमघट सम्झनुपर्छ।

४. 'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ।

५. 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

६. 'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ।

३. **संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) संस्थाले चल–अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

४. **संस्थाका उद्देश्यहरु :** संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिम उद्देश्य हुनेछ :

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

५. **टोल विकास कार्य समितिको गठन :** टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति भेलाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुन: सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्यसमितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलको सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

६. **संस्थाका कार्यहरु :** टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाका सदस्यहरुलाई उद्यमशिलतामार्फत अग्रसर गराउने आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।



३. टोलमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. टोलको बसोबास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

९. वातावरण मैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल बस्तीलाई नमुना बस्तिको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित गाउँ/शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१६. नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१७. नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

७. **सदस्यता :** संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्यता बन्न इच्छुक नयाँ टोलवासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

८. **सदस्यता नरहने :** देहायको अवस्थामा सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा।
तर संस्थाको निर्णयउपर चित नबुझेमा भेलामा पेश गर्ने र भेलाको निर्णय अन्तिम हुनेछ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा।

९. **संस्था गठन एवं कार्य संचालन विधि :** संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरूको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौले गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधनीहरूको उपस्थितिमा संस्था गठन गरिनेछ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक–एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन्।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन्। अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ।

१०. **संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** संस्थाका पदधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

(क) अध्यक्ष काम, कर्तव्य र अधिकार :

१. संस्थाको नियमित बैठक बोलाउने।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने।

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने।

६. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने।

७. संस्थाले आर्जन÷प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

८. आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरु गर्ने वा गराउने।

९. विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने।



(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने।

२. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

३. एकतिहाइ सदस्यहरुलाई विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने।

४. बैठक पुस्तिकामा उपस्थित गराउने।

५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने।

६. संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने।

७. तोकिएका अन्य कार्यहरु गर्ने।

(ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

१. संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने।

२. बैंकमा संयुक्त रुपमा खाता संचालन गर्ने।

३. अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार :

१. नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने।

२. संस्थाको हिसाब किताब चेक गर्ने।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने।

४. संस्था संचालनका लगि आवश्यकताअनुसार नीति बनाउन सहयोग गर्ने।

५. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने।

११. **भेलाको गठन र कार्य प्रणाली :** भेलाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक भेला हुनेछ।

२. भेलाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ।

३. भेला संस्थाको सर्वोच्च निकाय हुनेछ।

१२. **भेलाको काम, कर्तव्य र अधिकार :** भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको भेलाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने।

(ख) लेखापरिक्षक नियुक्ति गर्ने ।

(ग) संस्थाको लेखापरीक्षकको प्रतिबेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहाकारको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

१३. **आर्थिक व्यवस्था :**

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ ।

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको शिलशिलामा प्राप्त हुने आय वा पुरस्कार ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण भेलामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल–अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

१४. **कार्यसमिति तथा पदाधिकारीको राजिनामा :**

(क) समितिका सदस्यहरुले सदस्यहरुले आफ्नो पदबाट राजिमाना दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

१५. **कार्य समितिलाई आविश्वासको प्रस्ताव :** कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० % सदस्यहरुले विशेष भेला राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

१६. **विविध :**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि भेलामा पेश गरिनेछ । भेलामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वत: खारेज हुनेछ ।